आज मिति २०६६ साल वैशाख ८ गतेका दिन प्रतिनिधि सभाका सदस्य मा० राज बहादुर बुढाको उपस्थिति एवं प्रमुख जिल्ला अधिकारी श्री लक्ष्मी प्रसाद बास्कोटाको अध्यक्षता र निम्न पदाधिकारीहरुको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समिति को बैठक बसी निम्नानुसार गर्ने निर्णय गरियो।-

विशेष उपस्थिति

मा० राज बहादुर बुढा प्रतिनिधि सभा सदस्य

उपस्थिति

श्री लक्ष्मी प्रसाद बास्कोटा - अध्यक्ष (प्र० जि०अ०)
श्री लक्ष्मी शाह, उपप्रमुख जि.वि.स. दैलेख
श्री सूर्य बहादुर शाही, प्रमुख ना.वि.न.पा. दैलेख
श्री खड्गराज उपाध्याय प्रमुख आ.प्र. दैलेख
श्री गणेश प्रसाद उपाध्याय, नेपाली काङ्ग्रेस, दैलेख
श्री सुस्मिता सिंह, अप्रमुख उपाध्यक्ष ठाँटीकाँध गा.पा. दैलेख
श्री सुनिलकुमार मल्ल, गुल्मपति रुद्रदल गुल्म दैलेख
श्री ठाकुरप्रसाद पोखरेल, प्र.ना.उ. जिल्ला प्रहरी कार्यालय दैलेख
श्री विश्वबन्धु खड्का, स.प्र.ना.उ. आ.प्र. गुल्म नं.२, दैलेख
श्री विनोद गायक स.व.अ. डि.व.का. दैलेख
श्री राजु कुमार कोइराला, ने.वि.प्रा. दैलेख
श्री राधा मल्ल - डि.डि.ओ. रुप, दैलेख।
श्री बसन्त श्रेष्ठ - स्वरोक नेपाल, दैलेख।
श्री भक्त बहादुर रावत - उद्योग वाणिज्य संघ दैलेख
श्री महादेव खत्री अध्यक्ष गैरसस महासंघ जि. शा. दैलेख
श्री शिव प्रसाद अधिकारी, प्रमुख कृषि ज्ञानकेन्द्र, दैलेख.
श्री हिरासिं विश्वकर्मा, पशिसेवा अधिकृत, रे.क्रे.सो. दैलेख जि.शा.
श्री अमरबहादुर सुनार, उज्यालो/इन्सेक जिल्ला प्रतिनिधि
डा. निरञ्जन पन्त, जिल्ला अस्पताल दैलेख
सि.डि.ई. गोपाल शर्मा (डि.इ.), जलउत्पन्न प्रकोप सिंचाई कार्य डिभिजन
का.मु.प्रअ. परशुराम आचार्य - घरेलु कार्यालय, दैलेख
श्री रत्नबहादुर खड्का प्रमुख नारायण नगरपालिका
- विजय शर्मा पूर्व अध्यक्ष नेपाल पत्रकार महासंघ / N.G.V. / नयाँ पत्रिका

निर्णय नं १

मिति २०७५ चैत्र २२, २३ र २४ गते आएको भिषण असिना पानी र हावाहुरीले यस जिल्लाको चामुण्डाविन्द्रासैनी नगरपालिका, ठाँटीकाँध गाउँपालिका, दुल्लु नगरपालिका, आठवीस नगरपालिका, गुराँस गाउँपालिका, भैरवी गाउँपलिका र नारायण नगरपालिकामा पुर्याएको क्षति सम्वन्धमा स्थलगत अनुगमन टोली र सम्वन्धित स्थानीय तहबाट प्राप्त तपसिल बमोजिमको क्षतिको विवरणलाई एकिन गर्ने निर्णय गरियो ।

तपसिल

**(क) चामुण्डाविन्द्रासैनी नगरपालिका**

**(अ) अन्नवाली तरकारी तथा फलफूल क्षति अनुमानित जम्मा रु ७ करोड ५८ लाख**

वडा नं १ मा रु ५० लाख वडा नं २ मा रु ५५ लाख वडा नं ३ मा रु ६५ लाख
वडा नं ४ मा रु ५६ लाख वडा नं ५ मा रु १ करोड २० लाख वडा नं ६ मा १ करोड १५ लाख
वडा नं ७ मा रु ८९ लाख वडा नं ८ मा रु १ करोड ५ लाख वडा नं ९ मा १ करोड ३ लाख

**(आ) सोलारपाता क्षति अनुमानित जम्मा रु ४ लाख २० हजार ३ सय**

वडा नं १ मा रु १ लाख ३० हजार वडा नं २ मा ५० हजार वडा नं ४ मा धर्मदेव माविको रु १ लाख र वड़ा कार्यालयको १ लाख वडा नं ६ मा ४० हजार ३ सय

**(ख) ठाँटीकाँध गाउँपालिका**

४ हजार ४१८ परिवारको अन्नवाली तरकारी वाली दलहन वाली तेलहन वाली फलफूल खेती पशुचौपाय क्षति अनुमानित जम्मा रु २० करोड १३ लाख ७९ हजार १४७

वडा नं १ मा रु ६ करोड ४८ लाख २ हजार ४३५ वडा नं २ मा रु ७ करोड ५ हजार ६८८
वडा नं ३ मा रु ७१ लाख ८९ हजार ६०४ वडा नं ४ मा रु ४८ लाख ५३ हजार ६३०
वडा नं ५ मा २३ लाख ३० हजार ५० वडा नं ६ मा ५ करोड २१ लाख ९७ हजार ७४०

**(ग) नारायण नगरपालिका** वडा नं ८ मा १०१ परिवारको करिव ३९७ मुरी वरावरको गहुँवाली क्षति ३० परिवारको करिव ५५३ क्वी तरकारी क्षति र २८ परिवारको करिव ३२३ क्वी बरावरको फलफूल क्षति ।

**(घ) गुराँस गाउँपालिका** वडा नं ३ मा २४० परिवारको ४४३ रोपनीमा लगाएको गहुँ जौ मसुरो केराउ तरकारी र फलफूल पूर्णरुपमा नष्ट

**(ङ) दुल्लु नगरपालिकामा** १११३ हे मा ३३३९ क्वी वरावरको खाद्यान्न वाली र २०० हे मा २८१२ क्वी वरावरको फलफूल र तरकारी क्षति

वडा नं १ मा १३४ हे क्षेत्रफलमा लगाएको ४१४ क्वी बरावरको खाद्यान्न वाली क्षति
वडा नं २ मा १३८ हे क्षेत्रफलमा लगाएको ३७२ क्वी बरावरको खाद्यान्न वाली क्षति
वडा नं ३ मा १४० हे क्षेत्रफलमा लगाएको ४२० क्वी बरावरको खाद्यान्न वाली क्षति
वडा नं ४ मा ६१ हे क्षेत्रफलमा लगाएको १८३ क्वी बरावरको खाद्यान्न वाली क्षति
वडा नं ५ मा ८४ हे क्षेत्रफलमा लगाएको २५२ क्वी बरावरको खाद्यान्न वाली क्षति
वडा नं ६ मा ९२ हे क्षेत्रफलमा लगाएको २७६ क्वी बरावरको खाद्यान्न वाली क्षति
वडा नं ७ मा ५१ हे क्षेत्रफलमा लगाएको १५३ क्वी बरावरको खाद्यान्न वाली क्षति
वडा नं ८ मा ४२ हे क्षेत्रफलमा लगाएको १२६ क्वी बरावरको खाद्यान्न वाली क्षति
वडा नं ९ मा ५१ हे क्षेत्रफलमा लगाएको १५३ क्वी बरावरको खाद्यान्न वाली क्षति
वडा नं १० मा ८१ हे क्षेत्रफलमा लगाएको २४३ क्वी बरावरको खाद्यान्न वाली क्षति
वडा नं ११ मा ११६ हे क्षेत्रफलमा लगाएको ३४८ क्वी बरावरको खाद्यान्न वाली क्षति
वडा नं १२ मा ५१ हे क्षेत्रफलमा लगाएको १५३ क्वी बरावरको खाद्यान्न वाली क्षति
वडा नं १३ मा ९३ हे क्षेत्रफलमा लगाएको २७९ क्वी बरावरको खाद्यान्न वाली क्षति

**(च) भैरवी गाउँपालिकामा** १ करोड १६ लाख ८७ हजार बरावरको गहुँ तरकारी र फलफूल क्षति

वडा नं १ मा ६४ मे ट बरावरको खाद्यान्न वाली क्षति अनुमानित मूल्य १७ लाख २० हजार
वडा नं २ मा ९४ मे ट बरावरको खाद्यान्न वाली क्षति अनुमानित मूल्य २४ लाख ५० हजार
वडा नं ३ मा ७१ मे ट बरावरको खाद्यान्न वाली क्षति अनुमानित मूल्य २० लाख ५० हजार
वडा नं ४ मा ६५।५ मे ट बरावरको खाद्यान्न वाली क्षति अनुमानित मूल्य १७ लाख ४० हजार
वडा नं ५ मा ६४ मे ट बरावरको खाद्यान्न वाली क्षति अनुमानित मूल्य १७ लाख २० हजार
वडा नं ६ मा ९३ मे ट बरावरको खाद्यान्न वाली क्षति अनुमानित मूल्य १० लाख ५५ हजार
वडा नं १ मा ६७ मे ट बरावरको खाद्यान्न वाली क्षति अनुमानित मूल्य १६ लाख

**(छ) आठबीस नगरपालिकाका** वडा नं ५ ६ ७ ८ र ९ का विभिन्न भागमा अन्नबाली क्षति भएको ।

निर्णय नं २

उक्त प्रकोपका पीडित कृषकहरुलाई उल्लिखित क्षतिको आधारमा राहत उपलब्ध गराउनका लागि प्रदेश विपद् व्यवस्थापन समिति कर्णाली प्रदेश, नेपाल सरकार कृषि तथा पशुपंक्षि मन्त्रालय सिंहदरवार काठमाण्डौ र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेशमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ३

उक्त समयमा आएको हावाहुरी र असिना पानीले निम्नानुसारका विद्यालयहरुको छाना उडनुका साथै अन्य भौतिक संरचनामा समेत क्षति पुगेको हुँदा आवश्यक राहत तथा विद्यालय मर्मतका लागि प्रदेश विपद् व्यवस्थापन समिति कर्णाली प्रदेश, नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार र समाजिक विकास मन्त्रालय कर्णाली प्रदेशमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

तपसिल

१ भैरव आधारभूत विद्यालय, दुल्लु नगरपालिका-१२ गौरी
२ नेपाल राष्ट्रिय आधारभूत विद्यालय, भैरवी गाउँपालिका-५ थापावाडा
३ जनता अधारभूत विद्यालय, ठाँटीकाँध-३
४ जनकल्याण अधारभूत विद्यालय, नारायण नगरपालिका-४
५ महेन्द्र माध्यामिक विद्यालय, नारायण नगरपालिका-५
६ कालिका वाल विकास, चामुण्डाविन्द्रासैनि-४

निर्णय नं ४

मिति २०७५ चैत्र २५ गते आएको हावाहुरीले सामुदायिक स्वास्थ्य इकाइ नारायण नगरपालिका ४ देवलकाँडाको छानो उडाई क्षति पुर्याएको हुँदा उक्त छानोको पुनर्निर्माणका लागि प्रदेश विपद् व्यवस्थापन समिति कर्णाली प्रदेश र समाजिक विकास मन्त्रालय कर्णाली प्रदेशमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ५

मिति २०७५ चैत्र २२ गते परेको असिना पानीले ठाँटीकाँध गाउँपालिका १ स्थित कलमबहादुर शाहीको जनजागरण तथा कृषि फर्म र उक्त फर्ममा लगाईएका वीउ विरुवा पूर्णरुपमा क्षति भएको हुँदा राहतको प्रदेश विपद् व्यवस्थापन समिति कर्णाली प्रदेश र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेशमा अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं ६

ठाँटीकाँध गाउँपालिकाको च. नं १७ मिति २०७५/१२/२७ को पत्रबाट ठाँटीकाँध बजारमा विगत ०५४/५५ सालमा स्थापना भएको खाद्य डिपो तत्कालिन द्वन्द्वको अवस्थामा विस्थापित भएको र हाल यस गाउँपालिका क्षेत्रका किसानले लगाएको सम्पूर्ण अन्नवाली तरकारीवाली र फलफूलबाली असिना पानीले पूर्णरुपमा नष्ट भई भोकमरी सिर्जना हुने अवस्था भएकोले उक्त खाद्य डिपोलाई पुनर्स्थापनाका लागि आवश्यक सहयोग गरिदिनु हुन अनुरोध भई आएको सम्वन्धमा विगतका वर्षहरुमा भएको खाद्य अभावको समस्या, यस वर्ष परेको असिनाले पुर्याएको बालीनाली क्षति, अत्यावश्यक खाद्यान्नमा ग्रामिण बजारमा निजी क्षेत्रको एकाधिकारको अवस्था र जिल्ला खाद्य व्यवस्था समितिको पटक पटकको निर्णय समेतका आधारमा माग बमोजिम ठाँटीकाँध गाउँपालिकाको ठाँटीकाँध बजारमा ~~स्थापित~~ खाद्य डिपो पुनर्स्थापना गरिदिनका लागि नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार काठमाण्डौ र नेपाल खाद्य संस्थान प्रधान कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं ७

नारायण नगरपालिका ६ गणेश टोल स्थित होटल पञ्चकोशीको पछाडि रहेका ४ (चार) वटा सल्लाका रुखहरु मिति २०७५ चैत्र १८ गतेको हावाहुरीले लस्किइ हाम्रो घर जोखिममा रहेकोले उक्त रुखहरु हटाई पाउँ भनी नारायण नगरपालिका वडा नं ६ निवासी पूर्व सभासद भरतकुमारी रेग्मी र तिलकप्रसाद न्यौपानेले नारायण नगरपालिकाको च नं १५४४ मिति २०७५/१२/२१ को सिफारिस सहित अनुरोध गरेको सम्वन्धमा सो रुखहरु नहटाएमा धनजनको क्षति हुन सक्ने देखिएकोले निवेदकहरुसँग समन्वय गरी उक्त ४ (चार) वटा सल्लाका रुखहरु हटाउन डिभिजन वन कार्यालय दैलेखलाई अनुरोध गर्ने निर्णय गरियो ।